कसरी ससाना झुण्डहरुद्वारा तपाईंको मण्डलीमा सहयोग पुग्नसक्छ

पाष्टरीय तालीम पुस्तिका

४४

तालीम र वृद्धि

T&M ®

प्रस्थान १८:१३-२७ पढ्नोस् ।

इस्राएलीहरु हजारौंका संख्यामा थिए । अनि मोशाले हरेकको समस्यालाई व्यक्तिगत रुपमा विचार गर्न थाले ।

मोशाको ससुराले उसलाई सच्याउने काम गर्दछ....



यदि तपाईंले नै हरेक कुरो गर्ने प्रयास गर्नुभयो भने, तपाईं अनि तपाईंका मानिसहरु वाक्क-व्याक्क बन्ने छन् भनी यित्रोले मोशालाई सम्झाए । मानिसहरुलाई झुण्ड-झुण्डमा विभक्त गर्नोस् अनि हरेक झुण्डका आफ्नै अगुवा र न्यायकर्ता नियुक्त गर्नोस् भनी यित्रोले सल्लाह दिए ।

मोशाले यो ज्ञानी सल्लाहलाई मानिलिए जसद्वारा उनी र उनका मानिसहरुलाई धेरै फाइदा पुग्यो ।

मोशाको भोगेको यो परिस्थिति प्रायः सबै बढ्दो झुण्डहरुमा देखिन्छन् । त्यो समय आउँछ, जब एकलैले सबै मानिसहरुको आवश्यकतालाई विचार पुऱ्याउन असम्भव बनेर जान्छ । यदि अगुवाले उसका कामहरु बाँडेर जिम्मेवारीहरु दिने काम गर्दैन भने, काम रोकिएर जान्छ अनि बढी काम भएर अगुवा स्वयं शारीरिक, मानसिक अनि आत्मिक रुपमा थकित बन्न पुग्छ ।

कुनै पनि मण्डलीमा, एउटा गोठालोले भेडाहरुको वास्ता गर्न भियाउन गाह्रो पर्ने गरी जब सदस्यहरु बढ्दै जान थाल्छ, तब मानिसहरुले पाउनु पर्ने वास्ता कमी हुन थाल्छ ।

यसैकारण परमेश्वरले मण्डलीलाई ससाना झुण्डहरुमा बाँडेर व्यवस्थित रुपमा चलाउन चाहनु हुन्छ ।

यी झुण्डहरुले कस्ता सहायता पाउन सक्छन् (तपाईंको मण्डलीको खाँचोअनुसार चिन्ह लाउनोस्):

- ☐ पाष्टरीय वास्ता, किनकि यसरी सदस्यहरुले बढी चिनाजानी भएको झुण्डभित्र अझ बढी व्यक्तिगत, प्रत्यक्ष वास्ता पाउन सक्छन् ।

- ☐ सुसमाचार प्रचार, किनकि सानो झुण्डमा हरेकलाई सुसमाचार सुनाउनु पनि सजिलो पर्दछ, अनि हरेकले चिन्न सकिने झुण्डमा नयाँ सदस्यलाई ग्रहण पनि गर्न सकिन्छ ।

- ☐ शिक्षा, किनकि सबै सदस्यहरु ट्वाँ...परेर प्रवचन सुनिर हने भन्दा पनि वचन अध्ययनमा सहभागी बन्नसक्छन् ।

- ☐ नयाँ पाष्टरीय सेवकहरुलाई तालीम, किनकि सेवाको निम्ति अवसरहरु प्रशस्त भएका ससाना झुण्डहरुमा नयाँ अगुवाहरु पत्ता लाउनु अनि तयार पार्नु सजिलो पर्दछ ।

पाष्टर, खीष्टको निम्ति अझ धेरै मानिसहरु जित्नको निम्ति म के गर्न सक्छु ? एक महीनाअघि मैले मेरो साथी जोनकुमारलाई सुसमाचार सुनाएँ, हिज उसले खीष्टलाई मुक्तिदाता भनी ग्रहण पनि गऱ्यो । यसबाट अरु मानिसहरुलाई पनि खीष्टमा ल्याउनको निम्ति म उत्साहित भएको छु । के कुनै कार्यक्रम छ जसको सहयोग म लिन सक्छु ?

अरु धेरै मानिसहरु प्रभुमा ल्याउनको निम्ति, तपाईंले जोनकुमारलाई चेला बनाउनु पर्छ, ताकि उसले आफ्नै परिवार अनि साथीहरुलाई सुसमाचार प्रचार गर्न सकून् ।

चेला ? कसरी बनाउने म जान्दिनँ । के तपाईंले उसलाई चेला बनाउन सक्नुहुन्छ, पाष्टर ?



स्तिफनले यो विषयबारे आफ्नी पत्नीसँग कुराकानी गऱ्यो, अनि दुवैले पवित्र आत्माको अगुवाइको निम्ति प्रार्थना गरे । अर्को साता उनीहरुले जोनकुमारको घरमा गएर आफ्नो योजनाबारे उसलाई बताइदिए ।

तिनीहरुको पहिलो सेवा शुरु हुन्छ, अनि रामले उसको परिवार का धेरै सदस्यहरुलाई सेवामा ल्याउँछ। साताभरिमा उनीहरुले अरुहरुलाई पनि निम्त्याउँछन्, अनि आठ वयस्कहरु त्यस सभामा भेला हुन्छन्।

अति उत्साहित भएर, स्तिफनले पाष्टरलाई भेट्न जान्छ।

झुण्डका सदस्यहरुले के के गर्न सक्छन् भनी स्तिफनको निम्ति पाष्टरले लेखिदिन्छ। अलिअलि गरेर उनीहरुले अभ्यास गर्दै जान्छन्।

१. उनीहरुले प्रेम गर्दछन् (यूहन्ना १५:१७)
२. उनीहरुले अरुहरुको सेवा गर्दछन् (गलाती ५:१३)
३. उनीहरु असल कामको निम्ति प्रोत्साहित बन्दछन् (हिब्रू १०:२४)
४. उनीहरुले बढो धैर्यतापूर्वक एकाअर्कालाई क्षमा दिने काम गर्दछन् (एफिसी ४:३२)
५. तिनीहरुले प्रेममा एकाअर्कालाई सुधार्ने काम गर्दछन् (कलस्सी ३:१६)
६. तिनीहरुले एकाअर्कालाई सान्त्वना दिन्छन् (१ थिस्स. ४:१८)
७. तिनीहरुले एकाअर्कालाई निर्माण गर्दछन् (१ थिस्स. ५:११)
८. उनीहरुले एकाअर्कालाई परमेश्वरको आज्ञा पालन गर्न प्रोत्साहित गर्दछन् (हिब्रू ३:१३)
९. उनीहरुले एकाअर्काको निम्ति प्रार्थना गर्दछन् (याकूब ५:१६)
१०. उनीहरुले प्रभुलाई नचिनेका नयाँ साथीहरुलाई ल्याउँदछन् (२ तिमोथी ४:५)



पाष्टर स्तिफनलाई प्रोत्साहित गर्न उनीकहाँ जान्छन् । पाष्टर ले उसलाई भन्नुहुन्छ:

स्तिफनले आफ्नो पाष्टरको सल्लाह मानिलिन्छ । उसले प्रेरितको पुस्तक अध्ययन गर्दछ । उसले आफ्नो झुण्डलाई भेटिरहन्छ,

अनि यसलाई "प्रेरित दुइ" पनि नाउँ दिएको छ, किनकि उनीहरुले पवित्र आत्माको शक्तिमा खीष्टको साक्षी बन्ने लक्ष्य

लिएका छन् । परिवारका अरु मूलीहरु पनि प्रभुमा आएका छन् अनि उनीहरुको परिवारहरुलाई झुण्डमा ल्याउँदछन् ।

सानो झुण्डको अगुवाको रुपमा स्तिफनले झुण्डका परिवारहरुलाई बराबर भेटी उनीहरुलाई प्रोत्साहित गर्दछ अनि उनीहरुको अरु व्यक्तिगत आत्मिकी खाँचोहरु पूरा गर्न सहयोग गर्दछ ।



स्तिफनले पाष्टरलाई पनि उसका सेवाहरुको निम्ति योजना गर्न साप्ताहिक रुपमा भेट्ने गरेको छ । उनीहरु मिलेर प्रार्थना गर्दछन्, अनि सानो झुण्डको लागि केही विशेष योजनाहरु लेख्दछन् ।



सुसमाचारका लक्ष्यहरु (स्तिफनको झुण्डको लागि)

- हाम्रो क्षेत्रमा हाम्रा आफन्तहरु अनि नजीकका मित्रहरुलाई भेटी साक्षी दिने काम गर्नु ।

- तब हामीले नयाँ जीवन पाएका घरका मूलीहरुलाई उनीहरुको परिवारकाहरुलाई सुसमाचार पुऱ्याउन सहयोग प्रदान गर्नेछौं ।

- अगुवाको सीप विकास गर्न अनि नयाँ झुण्डहरु शुरु गर्न अरुहरुलाई सहयोग प्रदान गर्नोस् ।

तालीमका लक्ष्यहरु

- जोनलाई सहायक शिक्षकको रुपमा तयार पार्ने ।

- आफ्ना नानीहरुलाई बाइबलको कथा पढिदिने, अनि दिनहुँ व्यक्तिगत तथा पारिवारिक प्रार्थना गर्नको निम्ति बाबुआमाहरुलाई सहयोग गर्ने । झुण्डमा अध्ययन र छलफल गर्न जोनलाई अगुवाको रुपमा तयार पार्ने ।

नयाँ विश्वासीहरुलाई आमा मण्डलीको सेवामा पनि लैजाने ।

- जसै उसले प्रगति गर्दै जान्छ, अनि उसले झुण्डको सम्पूर्ण काम हेर्न नसक्ने नभइञ्जेल जोनलाई अझ बढी जिम्मेवारी दिँदै जानोस् । त्यसपछि उसले अर्को झुण्ड खडा गर्नु सक्ला, अथवा शुरुकै झुण्डलाई अगुवाइ गर्ने काम गरिरहला ।

पाष्टरीय लक्ष्यहरु

- अरु स्त्रीहरुलाई परामर्श दिने काम गर्न हन्नालाई तुरन्तै सिकाउन थाल्नु पर्छ । कमलको परिवारलाई मिलाप गरिहाल्न सहयोग गर्नोस् । माइकललाई रक्सी पिउन छोड्नको लागि सल्लाह दिनोस् ।

- अरुहरुलाई परामर्श दिन सेवकहरुलाई तालीम दिनोस् ।

यसरी, शुरुमा स्तिफनको उत्साहको कारण, एउटा सानो झुण्ड खडा भयो, जो घरेलु झुण्ड अथवा सेलमा परिणत भयो, जो आमा मण्डलीभित्रको सानो मण्डली हो ।

किन यो झुण्ड सफल हुनसक्यो अब हामी केही कारणहरुलाई विचार गरौं । सारांशमा, स्तिफनको केसलाई विचार गर्दा निम्न कुराहरु पाइयो ।

प्रमुख सिद्धान्तहरु अनि तत्त्वहरुः

सक्षम अगुवापन

स्तिफनले सुसमाचार प्रचारमा देखाएको उत्साह र विश्वासयोग्यता अनि पाष्टरको बुद्धिमत्ता अगुवाइमा, उनी एक कडा परिश्रम गर्ने, नम्र अनि सक्षम सेवक ठहरिएको छ ।

स्वाभाविक वृद्धि

उसको इच्छा र वास्तविक खाँचो अनुसार स्तिफनको झुण्ड स्वाभाविक ढङ्गमा जन्मेको छ। यो कुनै नियम, कानून अथवा व्यक्तिगत लहडको कारण शुरु भएको होइन ।

स्पष्ट उद्देश्यहरु

आवश्यकता अनुसार स्तिफनको झुण्डले गर्ने कामहरुमा विभिन्नता हुनसक्छन्, तर तिनीहरुको मुख्य उद्देश्य चाहिँ सुसमाचार प्रचार गर्नु अनि प्रेममा एकाअर्काको वास्ता गर्नु नै हुनेछ ।

साझेदारी पाष्टरीय वास्ता

स्तिफनले झुण्डको सेवा आमा मण्डली र यसको पाष्टरसित मिलेर गर्दछ। पाष्टरले स्तिफनलाई प्रतिद्वन्द्वीको रुपमा हेर्दैन, तर उसलाई अझ फलदायी बन्नलाई प्रोत्साहन दिँदछ अनि सिकाउँदछ ।

मण्डलीमा ससाना झुण्डहरुको निम्ति अरु सम्भावित सेवकाइहरु

स्तिफनले चलाएका जस्ता यी ससाना झुण्डहरुको जिम्मेवारी पाष्टरीय अनि सुसमाचारीय हुन् । यस प्रकारको झुण्ड कुनै सेवकाइ अथवा विशेष उद्देश्य पूरा गर्नको निम्ति पनि गठन गर्न सकिन्छ । मण्डलीमा भएका ससाना झुण्डहरुको निम्ति धेरै सम्भावित सेवकाइहरु छन् ।



तलका सूचीहरुमा, तपाईंको मण्डलीलाई अहिले चाहिने सेवकाइहरुमा चिन्ह लाउनोस् । (जति पनि लाउन सक्नुहुन्छ ।)

- ☐ सुसमाचार प्रचार गर्ने झुण्डहरु ।
- ☐ एकलाहरुको खाँचो पूरा गर्ने एक झुण्ड ।
- ☐ एउटै क्षेत्र, व्यवसाय, उमेर अथवा अभिरुची भएकाहरुको एक झुण्ड, जसले तिनीहरुको सम्पर्क भएकाहरुलाई सुसमाचार प्रचार गर्दछन् अनि चेला बनाउँदछन् ।
- ☐ मदपान अथवा दुर्व्यसनीहरुलाई पुनर्स्थापन गर्ने एक झुण्ड ।
- ☐ अन्धा, बहिरा, अथवा यस्तै अपाङ्ग (शारीरिक, मनोवैज्ञानिक, अथवा भावनात्मक रुपमा कमजोर भएकाहरु) को सेवा गर्ने झुण्ड ।
- ☐ जातिगत अल्पसंख्यक, अथवा विभिन्न संस्कृतिमा भएका सदस्यहरुको निम्ति एक झुण्ड ।
- ☐ सुसमाचार प्रचार गर्ने अथवा मण्डलीको उन्नति गर्ने लक्ष्य राखी बाइबलीय नाटक प्रस्तुत गर्ने झुण्ड ।

- ☐ व्यवसायीहरु अथवा विद्यार्थीहरुको निम्ति एक झुण्ड ।
- ☐ सामाजिक क्रियाकलापको एक झुण्ड ।
- ☐ सघन अनि विशेष प्रार्थनामा समर्पित हुने एक झुण्ड ।
- ☐ मृत व्यक्तिहरुको कारण शोकमा परेकाहरुलाई सान्त्वना दिने एक झुण्ड ।
- ☐ उस्तै समस्याहरु भएका मानिसहरुका झुण्डहरु ।
- ☐ नयाँ घर र जीवन स्थापित गर्न अनि विवाहसम्बन्धी कुराहरु अध्ययन गर्न, जवान विवाहित जोडीहरुको एक झुण्ड ।
- ☐ विश्वासमा निर्माण गरिनु पर्ने नयाँ विश्वासीहरुको निम्ति एक झुण्ड ।
- ☐ संगीतका वाद्य-वादनहरु बजाउन अथवा गाउन सिक्नको निम्ति एक ईसाइ सांगीतिक झुण्ड ।
- ☐ एकलो अथवा कमजोर वृद्धहरुलाई सेवा पुऱ्याउने एक झुण्ड ।

- ☐ विदेशी मिसनहरुको लागि प्रार्थना गर्ने अनि सुसमाचार नपुगेका क्षेत्रहरुको निम्ति कसरी मिसनेरीहरु पठाउने त्यो तय गर्ने कामको निम्ति एक झुण्ड ।

- ☐ घर अथवा अस्पतालमा बिरामीहरुलाई भेटघाट गर्नको निम्ति एक झुण्ड ।

- ☐ अनाथहरुलाई भेटघाट गर्नको निम्ति एक झुण्ड ।

- ☐ नयाँ छोरी मण्डलीहरु स्थापित गर्ने एक झुण्ड ।

- ☐ समस्याहरुमा परेका मानिसहरुलाई सहयोग पुऱ्याउन पर ामर्शदाताहरुले अगुवाइ गरेका झुण्डहरु ।

तपाईंले अहिले चिन्ह लाउनु भएका सेवकाइहरुमध्येबाट कुन चाहिँ अब गठन हुने अर्को झुण्डको निम्ति लक्ष्य हुनसक्ला ? (दुइ वा तीन लक्ष्यहरु पनि हुनसक्छ ।)

_____

_____

_____

सक्षम अगुवाहरु, स्वाभाविक वृद्धि (खाँचो र सम्बन्धमा निर्माण भएको), स्पष्ट लक्ष्यहरु अनि साझेदारी पाष्टरीय वास्ताको निम्ति चाहिने खाँचोहरु याद गर्नोस् । अब शुरु हुने अर्को घरेलु झुण्डलाई बिचार गर्नोस् ।

१. यो झुण्डको विशेष उद्देश्य के हुनेछ ?

_____

_____

२. यसलाई कसले अगुवाइ गर्नेछ ?

_____

३. हुनेवला अगुवालाई कसले सिकाउने अनि निरीक्षण गर्ने ?

_____

४. यो झुण्डको अरु कुन उद्देश्यहरु हुन सक्ला ?

_____

_____

_____

झुण्ड अगुवाहरुप्रति प्रमुख पाष्टरका जिम्मेवारीहरु

मण्डलीका अगुवाहरु तयारी पार्दा मण्डलीको मुख्य पाष्टर अथवा विशेष एल्डरले तालीमको तयारी अनि सहभागितामा सहयोग पुऱ्याउँछ भने धेरै असल कुराहरु हुनसक्छन् ।

यदि तपाईं मण्डलीको मुख्य पाष्टर अथवा विशेष एल्डर हुनुहुन्छ भने, कुन कार्यक्रमहरु हुनुपर्ने हो, समयमा नै योजना गरिहाल्नोस्, ताकि झुण्डहरु परिपक्वतामा, सख्यामा अनि जिम्मेवारीमा बढ्न सक्छन् ।

☐ सबै झुण्ड अगुवाहरुको निम्ति निरन्तर प्रार्थना गरिर हनोस् ।

- ☐ नयाँ अगुवाहरुले आफ्ना जिम्मेवारीहरु पूरा गर्नेछौं भनी सार्वजनिक रुपमा घोषणा गरुन्, अनि तिनीहरुलाई सारा सेवकाइमा समर्पित गरेर उनीहरुको निम्ति प्रार्थना गरि दिनोस् । यसो गर्दा हात राखेर प्रार्थना गरिदिनु पनि असल हुनसक्छ ।

- ☐ अगुवाहरुलाई तिनीहरुको लक्ष्य निर्धारित गर्न अनि तिनीहरुको झुण्डहरुको निम्ति योजना बनाउन, अनि तिनीहरुको प्रगतिको मूल्याङ्कन गर्न सहायता गर्नोस् ।

- ☐ तिनीहरुको झुण्डको आवश्यकताहरु पूरा गर्ने गरी कसरी बाइबल अध्ययनहरु प्रयोग गर्ने, देखाइदिनोस् अनि उपलव्ध गराइदिनोस् ।

- ☐ विभिन्न समस्याहरु भएका मानिसहरुलाई परामर्श दिने अगुवाहरु तयार पार्न विशेष तालीम सेसनहरु उपलव्ध गराउनु होस् ।

- ☐ हरेक झुण्डका अगुवालाई (विशेष गरी जब पहिलो झुण्डमा १५ जना जति वयस्क सदस्यहरु हुनेछन्) पुनर्व्यवस्थित गर्ने काममा सहयोग गर्नोस् ताकि हरेक झुण्डले नयाँ झुण्डहरु निर्माण गर्न सक्नेछ ।

- ☐ अध्ययन र सेवकाइबारे प्रश्नहरु गरेर, अनि योजना बनाएर सबै सदस्यहरुको सभा अनि सेवकाइमा सहभागी हुन झुण्डका अगुवाहरुलाई सहायता गर्नोस् ।

- ☐ नयाँ विश्वासीहरुलाई खीष्टको आज्ञा पालनको निम्ति चेला बनाउन, तिनीहरुको खाँचो अनि आत्मिकी वर दानहरु पत्ता लाउन, अनि कुनै झुण्डमा सहभागी हुन अथवा झुण्ड गठन गर्नको तयारी पार्न एक विशेष झुण्ड खडा गर्नोस् । तपाईंले पुस्तिका ७ "प्रभु येशू खीष्टलाई पछ्याउनु" प्रयोग गर्न सक्नुहुन्छ ।

- ☐ मण्डलीको हरेक सदस्यलाई तिनीहरुको खाँचो पूरा हुने अनि तिनीहरुलाई सेवकाइमा प्रोत्साहित गर्ने सानो झुण्डमा सहभागी हुन सहायता पुऱ्याउनोस् ।

- ☐ अर्को झुण्ड शुरु गर्नको निम्ति स्थानीय क्षेत्रबाट अर्को क्षेत्रमा जानेहरुलाई सहायता गर्नोस् ।

- ☐ यदि झुण्ड जमिनु थाल्छ भने, नयाँ गरी मिलाउने काम गर्नोस् ताकि सदस्यहरुले विभिन्न झुण्डहरुमा सामेल हुने मौका पाउने छन्, अथवा एक नयाँ सेवकाइ, अगुवा अनि लक्ष्यबाट फेरि शुरु गर्नोस् ।

- ☐ हरेक अगुवालाई एक अथवा दुइ सहयोगीहरुलाई तालीम दिन सहयोग गर्नोस् ताकि तिनीहरुले पछिबाट अरु झुण्डहरु शुरु गर्न सक्नेछन् । यी नयाँ अगुवाहरुले आमा झुण्डमा नयाँ सिकौरेको रुपमा पहिला सिक्नु राम्रो हुनेछ ।

- ☐ सदस्यहरुको वर्तमान खाँचोबारे सुनिदिन, अनि ती खाँचोहरुलाई समाधान गर्न अगुवाहरुलाई सहायता गर्नोस् ।

ससाना झुण्डका अगुवाहरुको जिम्मेवारीहरु

तपाईंको मण्डलीमा भएका (कुनै अथवा सबै) झुण्डका अगुवाहरुको निम्ति तपाईंले ठान्नु भएका प्रमुख जिम्मेवारीहरुमा चिन्ह लाउनु होस् :

- ☐ झुण्डको उद्देश्य हासिल गर्न सबैले एकाअर्कालाई सहयोग गर्नुपर्छ भनी बुझाइदिनोस् । तपाईंको झुण्डले अरु झुण्डहरुलाई पनि उनीहरु कमजोर भएको कुराहरुमा सहयोग गर्नुपर्छ ।

- ☐ हरेक कार्यक्रम अनि सभालाई होशियारीपूर्वक योजनागत गर्नुहोस् ।

- ☐ झुण्डको हरेक सदस्यको निम्ति निरन्तर प्रार्थना गर्ने, अनि तिनीहरुलाई चेला बनाउने ताकि तिनीहरु ख्रीष्टमा बढ्न सकून् ।

- ☐ हरेक सदस्यमा भएको आ-आफ्ना आत्मिकी वरदानहरु अनुसार आत्मिकी उन्नति गर्ने सेवकाइ होस् भनी झुण्डको हरेक सदस्यलाई सहयोग गर्नुहोस् ।

- ☐ झुण्डको हरेक सदस्यलाई उसले दर्शन पाउन, लक्ष्यहरु हासिल गर्न, अनि सेवकाइको लागि योजनाहरु बनाउन सहयोग गर्नुहोस् ।

- ☐ नयाँ झुण्डको प्रथम सभामा, झुण्डको उद्देश्य के हो (तिनीहरुको कस्तो सेवकाइ हुनेछ, अनि कस्तो परिणाम आशा गरिन्छ) सबै स्पष्ट पारिदिनु होस् ।

- ☐ झुण्डहरुलाई नयाँ झुण्डहरु उत्पन्न गर्न सहायता गर्नोस् । तपाईंले तयार पार्नुभएको नयाँ अगुवाहरुलाई नयाँ सदस्यहरु भेला गरेर झुण्डहरु शुरु गर्न आज्ञा दिनोस् ।

☐ झुण्डले गरेको प्रगति (नयाँ आत्मा प्रभुमा ल्याएको, कार्यक्रमहरु सञ्चालन भएको, परिणामहरु पाएको, सहयोगीहरुलाई तालीम दिइएको, क-कसले छोडे, सबै झुण्डहरुको संयोजनबारे सल्लाह, विशेष सहयोग चाहिने समस्याहरु) बारे तपाईंको पाष्टर तथा वरिष्ठ एल्डरलाई जानकारी दिनोस् ।

☐ सदस्यहरुलाई तिनीहरुको खाँचो अनुसार बाइबल अध्ययन गर्न अथवा अरु पुस्तकहरु पढ्न दिनोस् ।

साना झुण्डका अगुवाहरुको निम्ति केही व्यावहारिक सल्लाहहरु

- अर्को घर उपलब्ध भएसम्म, अगुवाको घरमा भेटघाट नगर्नु नै राम्रो हो । यो भेटघाट प्रभुलाई नपाएकै व्यक्ति भए पनि जसले तपाईं निम्त्याउँछ, उनीहरुकै घरमा भेटघाट गर्नु राम्रो हो ।

- सबैलाई सजिलो होस् भनेर गोलाकारमा चौकीहरु र ाख्नोस् । यसो गर्दा एकाअर्कामा अझ नजीक भएको महसुस गराउँदछ ।

टिप्पणी: झुण्ड सभाहरुको बारेमा अरु बढी जानकारीबारे पाष्टरीय अगुवा तालीम पुस्तिका १२ “घरेलु मण्डली” बाट हेर्नुहोस् ।

- भेटीहरु उठाउन सकिन्छ । स्थानीय सेवकाइको खर्चहरु भएपछि, उब्रेको पैसा आमा मण्डलीको कोषाध्यक्षलाई बुझाउनु राम्रो हुनछ ।

- औपचारिक प्रचार नगर्नु राम्रो हो । नानीहरु लगायत सबैलाई एकाअर्काको उन्नति अर्थात– प्रार्थना, प्रोत्साहन, सान्त्वना, परामर्श, सुधार, निर्देशन अथवा सहयोगको निम्ति उत्साहित गर्नोस् । खुला छलफल गराउनोस् । दुइ वा तीन व्यक्तिहरु एकाअर्कामा बातचीत गर्नसक्छन् । शरम मान्ने व्यक्तिहरुलाई जबर्जस्तीसँग बोल्न नलाउनोस् । पवित्र आत्माले तपाईंको झुण्डलाई पूर्ण पाष्टरीय वास्ताको निम्ति यसरी नै अगुवाइ गरुन् ।

- यति भने पछि, बाहिरकाहरुलाई, नजानिएका अथवा स्वघोषित प्रचारकहरुलाई जताभावी प्रचार गर्न अनुमति नदिनु होस् जसले तपाईंको झुण्डमा कुप्रभाव पार्नेछन् । आफ्ना विचारहरु प्रस्तुत गर्न चाहने व्यक्तिहरुको कुनै

कमी छैन । यी कुरा मनमा लिएर झुण्डको अगुवाले सभा सञ्चालन गर्नुपर्ने हुन्छ ।

- दुइ प्रकारका सभाहरु आयोजित गर्नुहोस्– आराधना र आत्मिक उन्नतिको लागि निरन्तर रुपमा गरिने एउटा, अनि अर्को चाहिँ खानपीन तथा अरु सामाजिक क्रियाकलापको लागि कहिले-काहीँ ।

- औपचारिक सभाको समयमा व्यवसाय अथवा राजनीतिको बारेमा छलफल नगर्नुहोला । अनुपस्थित भएको व्यक्तिका कमजोरीको विषयमा कहिल्यै पनि छलफल नगर्नुहोला । सानो झुण्डको आराधनालाई गम्भीर राख्नुहोस् । धेरै स्थानीय झुण्डहरु यहाँ प्रभुभोजमा सामेल हुनेछन् ।

- खाँचोमा परेकाहरुलाई व्यक्तिगत ध्यान दिनुहोस् । कुनै सेवकाइमा सेवा गर्नु नै कतिको निम्ति ठूलो खाँचो हुनसक्छ ।

- आपसी सम्बन्धमा जोड दिनुहोस् । विरोधका कुराहरुलाई लामो समयसम्म टङ्गाई नराख्नु होस्, तर सहमत हुन नसक्ने सदस्यहरु प्रेममा मिलाप भएका छन् भनी निश्चित बन्नुहोस् ।

- भाग लिन सक्ने नानीहरु लगायत परिवारहरुले झुण्डहरुमा भाग लिन सकोस् ।

- जन्मदिनहरु अनि विशेष पारिवारिक घट्नाहरुलाई थाह गर्न नभुल्नोस् ।

- सम्भव भएसम्म, झुण्डमा भएकाहरुलाई जिम्मेवारीहरु बाँड्नु होस्, अनि जिम्मेवारी बाँड्नको लागि अरुहरुलाई तयार पार्नोस् । यसको आदर्श यही हो कि तिनीहरु आ-आफ्नै झुण्डहरु सञ्चालन गर्नको निम्ति परिपक्व हुनुपर्दछ । यसरी, मण्डली व्यवस्थित ढङ्गमा बढ्दछ ।

सानो झुण्डको लागि नयाँ अगुवाको सार्वजनिक मान्यता र समर्पण सेवा

नयाँ अगुवाले परमेश्वर र सदस्यहरुको अघि उसको जिम्मेवार ीहरु निभाउने प्रतिज्ञा गर्नुपर्छ। तल दिइएका प्रश्नहरु सोध्न सकिन्छ अथवा तपाईं स्वयंले पनि बनाउन सक्नुहुन्छ।

यसरी पठाउँदा पढ्न सकिने मिल्दा पाठहरु इजकिएल ३४:१-१६, तीतस १:५-९।

पाष्टर : (मण्डलीको अघि उभिएको नयाँ अगुवालाई सोध्दछ।) के तपाईंले झुण्डका सदस्यहरुलाई परमेश्वरको सहायतामा इसाई चरित्र प्रस्तुत गर्दै बाइबलीय शिक्षा सिकाउँदै उदाहरणसहित सेवा गर्ने प्रतिज्ञा गर्नुहुन्छ ?

नयाँ अगुवा : ज्यू, परमेश्वरको सहायतामा, म गर्नेछु।

पाष्टर : के तपाईंले यस पाष्टरीय सेवकाइमा, पवित्र आत्माको शक्ति र अगुवाइमा परमेश्वरको वचन पालन गर्न चाहनुहुन्छ ?

नयाँ अगुवा : ज्यू, परमेश्वरको सहायतामा, म गर्नेछु ।

पाष्टर : के तपाईं तपाईंको पाष्टर र मण्डलीको सुपरिवेक्षणमा, उनीहरुको अख्तियारमा, यस सेवकाइलाई पूरा गर्न तयार हुनुहुन्छ ?

नयाँ अगुवा : ज्यू, परमेश्वरको सहायतामा, म गर्नेछु ।

पाष्टर : के तपाईं झुण्डको हरेक सदस्यको निम्ति निरन्तर प्रार्थना गर्न, अनि हरेकलाई समय दिन, उनीहरुको आत्मिकी उन्नतिको लागि परामर्श दिन तयार हुनुहुन्छ ?

नयाँ अगुवा : ज्यू, परमेश्वरको सहायतामा, म गर्नेछु ।

पाष्टर : के तपाईंले झुण्डको हरेक सदस्यलाई अरुहरुको आत्मिक उन्नतिको निम्ति सेवकाइको कुनै क्षेत्रमा काम गर्नलाई प्रोत्साहित गर्नुहुन्छ ?

नयाँ अगुवा : ज्यू, परमेश्वरको सहायतामा, म गर्नेछु ।

पाष्टर : के तपाईंले अरु सक्षम विश्वासीहरुलाई सहायक अगुवाहरुको रुपमा तालीम दिन, अनि उनीहरुले

पनि भविष्यमा अरु झुण्डहरु सञ्चालन गर्न सकून् भनी उनीहरुसित झुण्डका जिम्मेवारीहरु बाँड्न तयार हुनुहुन्छ ?

नयाँ अगुवा : ज्यू, परमेश्वरको सहायतामा, म गर्नेछु ।

पाष्टर : (मण्डलीका सदस्यहरुलाई सोध्नुहोस्) मण्डलीका सदस्यहरु हो, के तपाईंहरुले यस भाइ (नाउँ).....लाई उसको सेवामा सहायता गर्नुहुन्छ, अनि उसको निम्ति लगातार प्रार्थना गरिदिनु हुन्छ ?

सबै: ज्यू, परमेश्वरको सहायतामा, हामी गर्नेछौं ।

पाष्टर : (यदि नयाँ अगुवाको झुण्ड खडा भइसकेको छ भने) अनि तपाईं झुण्डका सदस्यहरु हो, के तपाईंहरुले भाइ .....लाई उसले सिकाएका पर मेश्वरको वचन पालन गर्दै, अनि एकाअर्कालाई प्रेममा स्वीकारेर तपाईंहरुलाई दिइएको सम्बन्धित जिम्मेवारीहरु पूरा गर्दै, झुण्डका सबै सेवकाइहरुमा सहयोग गर्नुहुन्छ ?

झुण्डका
सदस्यहरु : ज्यू, परमेश्वरको सहायतामा, हामी गर्नेछौं ।

नयाँ अगुवा अनि उसको झुण्डको निम्ति प्रार्थना गरिदिनोस् । सदस्यहरु, तिनीहरुका अगुवाहरु, तिनीहरुको सेवकाइहरु अनि वृद्धिलाई प्रभुमा सुम्पनु होस् । (यदि तपाईंको मण्डलीमा यसो गर्ने गरिन्छ भने नयाँ अगुवामाथि हात राखेर प्रार्थना गरि दिनोस् ।)

सानो झुण्डको सभाहरुको निम्ति प्रस्तावित रुपरेखा

रुपरेखा र कार्यक्रमहरु प्रस्तावित मात्र हुन् । तपाईंको मण्डलीले पालन गर्नु पर्ने अवसर अनि अभ्यास अनुसार तिनीहरु तयार पार्नुहोस् ।

१. प्रारम्भ

प्रार्थना अनि स्तुति-प्रशंसा गाउने ।

२. प्रतिवेदनहरु

झुण्डका सदस्यहरुले कस्ता सेवकाइहरु गरिरहेका छन्, अनि प्रार्थनाका विषयहरु ।

३. एका अर्काको निम्ति प्रार्थना र व्यक्तिगत ध्यानाकर्षण

(यदि झुण्ड ठूलो छ भने, दुइदेखि ६ जना गरेर प्रार्थना गर्नको निम्ति तिनीहरुलाई त्यसरी नै ससाना झुण्डहरुमा बाँड्नोस् । हरेकले दिएको प्रार्थना अनुरोध अनुसार, अनि विरामीहरुको निम्ति प्रार्थना गरियोस् । यो समयमा, समस्यामा परेकाहरुलाई परामर्श दिनुहोस् ।)

४. बाइबल अध्ययन

हरेक व्यक्तिको जीवन अनि सेवकाइमा वचनलाई प्रयोग गर्नुहोस् । (कुनै न कुनै रुपमा सबैले प्रश्नहरुको उत्तर दिनेछन् अनि सहभागी बन्नेछन् ।)

५. योजनाहरु

हरेक सदस्य, दम्पत्ति अथवा परिवार, सबैको निम्ति सुसमाचार प्रचार अथवा अरु सेवकाइको निम्ति योजनाहरु गर्न अगुवाले सहयोग प्रदान गर्नेछ। जब अर्को सभाको बेला प्रतिवेदनहरु दिइन्छ, अगुवाले पुनर्मूल्याङ्कन गर्नेछ।

६. प्रभुभोज दिनुहोस् (मण्डलीको अख्तियारसहित)।

७. एक भजन गाएर अन्तिम प्रार्थना गरिवरी अन्त गर्नुहोस्

साना झुण्डको निम्ति केही अध्ययन विषयहरु अनि क्रियाकलाप लक्ष्यहरु

अध्ययन अथवा अभ्यास गर्दा आत्मिक उन्नति हुन सक्ने केही विषयहरुमा चिन्ह लाउनोस् :

☐ घर-झगडा कसरी सुल्झ्याउनु । (एफिसी ४:२५-३२, ५:२१-६:४, फिलिप्पी २:१-११)

☐ परिवारको आर्थिक स्थिति बलियो राख्न पारिवारिक बजेट बनाउनु । (लूका १४:२८, रोमी १३:५-८, फिलिप्पी ४:११)

☐ विद्रोही अनि अव्यवस्थितहरुलाई कुनै दोष नलगाईकन सुधार गर्नोस् (मत्ती १८:१५-२२, गलाती ६:१) तपाईंले पाष्टरीय अगुवा तालीम पुस्तिका नम्बर ३९ "वास्तासित परामर्श दिनु" प्रयोग गर्न सक्नुहुन्छ ।

☐ मतवालीपन, धुम्रपान, दुर्व्यसन, इत्यादिको कुलतमा परेकाहरुलाई सहायता गर्नु । (भजन ३७:५, भजन ७, हितो. १:७, २३:२९-३५, यशैया ४०:११, रोमी ५:८, ८:२८, एफिसी ५:१८, २ तिमोथी १:७, हिब्रू १०:२३-२५, १३:५-८, १ यूहन्ना ४:१८)

☐ एकाअर्काको विरुद्ध विभाजित भएका विश्वासीहरुलाई मिलाप गर्ने परामर्श । (मत्ती ५:२१-२६, यूहन्ना १५-१७, १ कोरन्थी १:१०-१६, फिलिप्पी २:१-११) तपाईंले पाष्टरीय अगुवा तालीम पुस्तिका नम्बर ३९ "वास्तासित परामर्श दिनु" प्रयोग गर्न सक्नुहुन्छ ।

☐ विपरीत लिङ्गप्रति कसरी व्यवहार गर्ने यसबारे जवानहरुलाई विशेष शिक्षा दिनु । (हितो. ५:१-२३, १ कोरन्थी ७, एफिसी ५:२२-३३, १ थिस्स. ४:१-८)

☐ परमेश्वरसित स्वच्छ विवेक अनि शान्ति कायम राख्नु । (रोमी ३:९-५:२१, धेरै पटकको अध्ययन, हिब्रू ८:१-१०:२५ धेरै पटकको अध्ययन) तपाईंले पाष्टरीय अगुवा तालीम पुस्तिका नम्बर ३९ "वास्तासित परामर्श दिनु" प्रयोग गर्न सक्नुहुन्छ ।

☐ निर्णयहरु गर्दा परमेश्वरको इच्छा जान्नु । (भजन ३२:८, ११९:१०५, हितो. ३:५-६, यशैया २६:३-४, रोमी ८:१४)

☐ परमेश्वरले सुन्नुहुन्छ भन्ने ठूलो निश्चयतामा प्रार्थना गर्नु । (मत्ती ६:५-१५, लूका ११:५-१३, १८:१-१४) तपाईंले पाष्टरीय अगुवा तालीम पुस्तिका नम्बर १३ "कसरी प्रार्थना गर्ने" प्रयोग गर्न सक्नुहुन्छ ।

☐ आ-आफ्ना वरदानहरु थाहा गरेर सेवा पुऱ्याउनु । (रोमी १२, १ कोरन्थी १२-१४, एफिसी ४:१-१६) तपाईंले पाष्टरीय अगुवा तालीम पुस्तिका नम्बर ३९ "वास्तासित परामर्श दिनु" प्रयोग गर्न सक्नुहुन्छ ।

☐ घरमा शान्ति र सौम्यता कसरी कायम राख्ने । (१ कोरन्थी ७:१-१७, एफिसी ४:१७-३२, १ पत्रुस ३:१-७) तपाईंले पाष्टरीय अगुवा तालीम पुस्तिका नम्बर ५६ "मेरो परिवार" प्रयोग गर्न सक्नुहुन्छ ।

☐ परमेश्वरलाई प्रेम गर्ने अनि उहाँको सेवा गर्ने गरी नानीहरुलाई हुर्काउनु । (व्यवस्था ६:१-९, हितो. २२:६, मर्कूस १०:१३-१६, एफिसी ६:१-४, कलस्सी ३:२०-२१) तपाईंले पाष्टरीय अगुवा तालीम पुस्तिका नम्बर ५६ "मेरो परिवार" प्रयोग गर्न सक्नुहुन्छ ।

☐ नयाँ विश्वासीहरुलाई येशू ख्रीष्टको आज्ञा पालन गर्न प्रोत्साहित गर्नोस् । यदि सदस्यहरु नयाँ छन् भने, उनीहरुले सर्वप्रथम येशूका आधारभूत आज्ञाहरु सम्बन्धी बाइबल अध्ययन गर्नु खाँचो छ । तपाईंले पाष्टरीय अगुवा तालीम पुस्तिका नम्बर ७ "प्रभु येशू ख्रीष्टलाई पछ्याउनु" प्रयोग गर्न सक्नुहुन्छ ।

☐ सुखी वैवाहिक जीवनको निश्चयतामा आएर विवाह गर्नोस् । (उत्पत्ति २४, हितो. १८:२२, मर्कूस १०:१-१२, १ कोरन्थी ७, एफिसी ५:२२-३३) तपाईंले पाष्टरीय अगुवा तालीम पुस्तिका नम्बर ५६ "मेरो परिवार" प्रयोग गर्न सक्नुहुन्छ ।

☐ प्रेमसित न्याय दिलाउनको निम्ति समाजलाई सहायता गर्नोस् । (आमोसको पुस्तक, प्रस्थान २०:१-२३:१३, रोमी १३:१-१३, एफिसी ६:५-९) तपाईंले पाष्टरीय अगुवा तालीम पुस्तिका नम्बर ३६ "मण्डली अनि सोसाइटी" प्रयोग गर्न सक्नुहुन्छ ।

☐ प्रवेश गर्न गाह्रो भएका ठाउँहरुमा मिसनेरीहरु पठाउनोस् । (मत्ती २८:१८-२०, रोमी १५:२०-२१, २ कोरन्थी १०:१४-१६) तपाईंले पाष्टरीय अगुवा तालीम पुस्तिका नम्बर ५५ "मिसनेरी निर्देशिका" प्रयोग गर्न सक्नुहुन्छ ।



उदाहरणहरु:

- पश्चाताप र विश्वास गर्नोस् । (लूका २४:१३-५३, यूहन्ना ३:१-२१)

- बप्तिस्मा लिनुहोस् । (मत्ती ३, प्रेरित २:३७-४२)

- परमेश्वरलाई अनि छिमेकीलाई प्रेम गर्नोस् (लूका १०:२५-३७)। तपाईंले पाष्टरीय अगुवा तालीम पुस्तिका नम्बर १९ "नयाँ विश्वासीहरुलाई प्रेम गर्नु" अनि २१ "मेरो छिमेकी" प्रयोग गर्न सक्नुहुन्छ ।

- लगातार प्रभुभोजमा भाग लिनोस् । (मत्ती २६:१७-२९)

- प्रार्थना गर्नोस् अनि दिनहुँ परमेश्वरको वचनलाई मनन गर्नोस् । (मत्ती ४:४, लूका १८:९-१४) तपाईंले पाष्टरीय अगुवा तालीम पुस्तिका नम्बर ६ "पारिवारिक प्रार्थना" प्रयोग गर्न सक्नुहुन्छ ।

- दिनुहोस् । (मत्ती २५:१४-१६, लूका १२:१३-२१, लूका १८:१८-२५) तपाईंले पाष्टरीय अगुवा तालीम पुस्तिका नम्बर ३ "खुशीसाथ दिने व्यक्ति" अनि २९ "परमेश्वरको राज्य पहिले खोजी गर" प्रयोग गर्न सक्नुहुन्छ ।

- चेलाहरु बनाउनोस् । (मत्ती ४:१८-२२, मत्ती २८:१८-२०, लूका ५:१-११, यूहन्ना १५:५-१७) तपाईंले पाष्टरीय अगुवा तालीम पुस्तिका नम्बर ७ “प्रभु येशू खीष्टलाई पछ्याउनु” प्रयोग गर्न सक्नुहुन्छ ।

साना झुण्डहरुमा अध्ययन गर्नमिल्ने अरु विषयहरु (तपाईंका धारणाहरु लेख्नोस्):

सारांश जाँच

१. आफ्नो झुण्डलाई अगुवाइ गर्न सक्ने गरी सानो-झुण्डका अगुवामा हुनुपर्ने चरित्रहरु के के हुन् चिन्ह लाउनु होस् :

- ☐ पवित्र आत्माले भरिएको हुनुपर्ने ।
- ☐ आफ्नो झुण्डका सारा सदस्यहरुको निम्ति प्रार्थना गर्ने ।
- ☐ उत्साहित अनि हौसला दिने ।
- ☐ भरोसायोग्य, जिम्मेदारी अनि समयलाई पालन गर्ने ।
- ☐ मण्डली उपस्थितिमा विश्वासयोग्य ।
- ☐ उसको परिवार र अरु मानिसहरुलाई प्रेम गर्ने ता हुनै पर्‍यो ।
- ☐ परमेश्वरको वचन राम्ररी अध्ययन र व्याख्या गर्ने ।
- ☐ खुशीसाथ दशांश दिने ।
- ☐ पाष्टरीय जिम्मेवारीहरु निभाउन अरु सदस्यहरुको सहायता लिन सक्ने ।
- ☐ झुण्डका सदस्यहरुलाई भेटघाट गर्ने ।
- ☐ सावधान रहने (निन्दा नगर्ने) ।

सानो झुण्डका अगुवामा यी सबै गुणहरु हुनुपर्छ। यीमध्ये कुन चाहिँ तपाईं अझ विकास गर्नु खाँचो छ ?

_____

_____

२. तलका क्रियाकलापहरुमध्ये कुन चाहिँ, तपाईंका सदस्यहरुले अझ बढी अभ्यास गर्नु जरुरी देखिन्छ ?

- ☐ एकाअर्कालाई प्रेम गर्नु। यूहन्ना १५:१७
- ☐ अरुहरुको सेवा गर्नु। गलाती ५:१३
- ☐ असल कामको निम्ति प्रोत्साहन दिनु। हिब्रू १०:२४
- ☐ धैर्यतापूर्वक क्षमा दिनु। कलस्सी ३:१३
- ☐ प्रेममा सुधार्नु। कलस्सी ३:१६
- ☐ एकाअर्कालाई सान्त्वना दिनु। १ थिस्स. ४:१८
- ☐ एकाअर्काको आत्मिक उन्नति गर्नु। १ थिस्स. ५:११
- ☐ परमेश्वरको आज्ञा पालनमा जोड दिनु। हिब्रू ३:१३
- ☐ एकाअर्काको निम्ति प्रार्थना गर्नु। याकूब ५:१६
- ☐ प्रभुमा नबाँचेका आत्माहरु ल्याउनु। २ तिमोथी ४:५

३. साना झुण्डहरुको आधारभूत सेवकाइ के हो ?

- ☐ जब अगुवाले प्रचार गर्दछ उसलाई सुन्नु ।
- ☐ सुसमाचार प्रचार गर्नु अनि एकाअर्कालाई प्रेममा निर्माण गर्नु ।

४. साना झुण्डमा तलका दिइएका कुन विषयहरुमा बाइबल अध्ययन हुनु जरुरी छ :

- ☐ आइतबार प्रचार गरिने किसिमकै प्रवचन अथवा सण्डे स्कूलको क्लास चलाए जस्तै ।
- ☐ हरेकले सहभागी हुन अनि छलफल गर्न मिल्ने प्रकारको सजिलो ।

५. साना झुण्डहरुमा के चाहिँ गर्नुहुन्न, चिन्ह लाउनोस् :

- ☐ हरेक सभामा चियापानी दिनु जरुरी छैन ।
- ☐ हरेकलाई प्रचार गर्न निम्त्याउनु हुन्न ।
- ☐ व्यक्तिगत व्यावसायिक कुराहरु गर्नुहुन्न ।

६. सानो झुण्ड कहाँ भेट्नु उचित हुन्छ ?

- ☐ अगुवाको घरमा ।
- ☐ कुनै सदस्य अथवा मित्रको घरमा ।

अभ्यासको काम

- तपाईंको मण्डलीमा झुण्डहरुलाई आत्मिक उन्नति गर ाउने काम शुरु गर्नको लागि, यो अध्ययन गर्दा तपाईंले चिन्हित गर्नु भएका कुराहरु हेर्नोस् अनि तिनीहरुलाई अभ्यास गर्नुहोस् ।

- तलका खाली स्थानमा प्रार्थनासहित तपाईंका योजनाहरु लेख्नुहोस् ।

टिप्पणीहरु

टिप्पणीहरु

कपीराइट र जानकारी:
© 2001 Project WorldReach © 2001 SEAN
सर्वाधिकार सुरक्षित

Train & Multiply®

Project WorldReach (टि एम सेवकाइ संचालन)

Dr. George Patterson (मौलिक लेखक)
SEAN International

सम्पर्क ठेगाना: **Project WorldReach PWR®**

474 - 800 - 15355 - 24th Ave
Surrey BC, Canada
V4A 2H9

इमेल: pwr@trainandmultiply.com

वेबसाइट: http://www.trainandmultiply.com

044NP01A-01